# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।२२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी प्रकाश अधिकारीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी प्रकाश अधिकारीसमेत रहेको सरकारी छाप, दस्तखत किर्ते एवं सरकारी कागजात हेरफेर गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

<u>देहायः</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदाबी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्रकाश चन्द्र अधिकारी भन्ने प्रकाश अधिकारीसमेत भएको** (वि.अ. को (मुद्दा नं. ०७६-CR-००९४ वि.अ. को फैसला मिति २०८०।०६।२४ | सरकारी छाप तथा दस्तखत किर्ते गरी सरकारी कागज हेरफेर गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु प्रकाश अधिकारी, नरोत्तम श्रेष्ठ, गोमा श्रेष्ठ, प्रदिप श्रेष्ठ, प्रेमलाल श्रेष्ठ समेतको मिलेमतो र संगनतामा गैर कानूनी तरिकाले सरकारी कागज सच्याई, हेरफेर गरी, गलत लिखत तयार गरी नेपाल सरकारको सम्पत्ति हानी पुर्‍याउने बदनियतले हिनामिना, हानी नोक्सानी तथा दुरुपयोग गरेको हुँदा प्रतिवादीहरु मध्येका प्रकाश अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र दफा १७ को कसुरमा एभरेष्ट डिजाईनर्स लिग प्रा.लि. लाई भुक्तानी गरेको रु. २,९७,१९०।- र अमन कन्सल्टेन्ट्स् प्रा.लि.लाई भुक्तानी गरेको रु. २,९६,०६०।- गरी जम्मा रु. ५,९३,२५०।–(पाँच लाख त्रियानब्बे हजार दुई सय पचास रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ९ र ११ बमोजिम सजाय हुनका साथै सोही ऐनको दफा | **१. फैसलाः**<br>प्रतिवादीहरु मध्येका प्रकाश अधिकारीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ र १७ बमोजिमको कसुर ठहर गरी निज प्रतिवादी प्रकाश अधिकारीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिमको कसुरमा कसुरको मात्रा अनुसार ३ (तीन)महिना कैद र १०,०००/- (दश हजार रुपैयाँ)जरिवाना हुने र दफा १७ को कसुरमा दफा ३(१)(ङ) बमोजिम १ वर्ष ६ महिना कैद र विगो बमोजिम रु.५,९३,२५०।- जरिवाना हुने तथा निजले हानी नोक्सानी गरेको विगो दफा १७ बमोजिम असुल उपर हुने ठहर भएको र निज उपरको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिमको कसुर गरेको अवस्था नदेखिदा सो तर्फको आरोपदावी पुग्न सक्दैन भनी आंशिक कसुर ठहर गरी फैसला भएको।<br>अन्य प्रतिवादीहरु प्रदिप श्रेष्ठ,नरोत्तम श्रेष्ठ र प्रेमलाल श्रेष्ठलाई प्रतिवादी प्रकाश अधिकारीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ को कसुर गर्न सहयोग पुर्‍याएको देखिँदा सोही ऐनको दफा २२ बमोजिमको कसुर ठहर गरी निज प्रतिवादीहरुलाई जनही ९(नौ) | **क) प्रतिवादी प्रकाश अधिकारीको हकमाः-**<br>अ) यी प्रतिवादी प्रकाशचन्द्र अधिकारी भन्ने प्रकाश अधिकारी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र दफा १७ को कसुरमा एभरेष्ट डिजाईनर्स लिग प्रा.लि. लाई भुक्तानी गरेको रु. २,९७,१९०।- र अमन कन्सल्टेन्ट्स् प्रा.लि.लाई भुक्तानी गरेको रु. २,९६,०६०।- गरी जम्मा रु. ५,९३,२५०।– (पाँच लाख त्रियानब्बे हजार दुई सय पचास रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ९ र ११ बमोजिम सजाय हुनका साथै सोही ऐनको दफा १७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम उक्त हानी नोक्सानी गरेको बिगो निज प्रतिवादीबाट असुल उपर हुन समेत माग दावी लिईएकोमा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ र १७ बमोजिमको कसुर गरेको ठहर भएको देखिदा सो सम्वन्धमा पुनरावेदन जिकिर नलिएको। भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम कसुरजन्य कार्यको अभियोग दावी बमोजिम कसूर ठहर नभएको सो हद सम्म पुनरावेदन जिकिर लिइएको।<br>आ) प्रस्तुत मुद्दामा प्रतिवादी प्रकाश अधिकारीले गलगलेबोच सिंचाई आयोजनाको Summary of cost / Total cost को रु.३,००,०००।– बराबरको Institutional Development and Training Works हेरफेर गरी गैरकानूनी तरिकाले सोही रकम बराबरको पहिला गरी सकेको सर्वे र डिजाइन कार्यको पुनःएभरेष्ट डिजाईनर्स लिग प्रा.लि.मार्फत Pre-Construction Survey Work गराएको देखाई भुक्तानी दिई रकम हिनामिना गरेको, यसैगरी फेदिकुडार सिंचाई योजनाको Summary of cost/Total cost को रु.३,००,०००।–बराबरको Institutional Development and Training Works कार्यक्रमलाई हेरफेर गरी सोही रकम बराबरको पहिले नै गरी सकेको Survey र Design कार्यको पुनःअमन कन्सल्टेन्ट्स प्रा.लि.मार्फत Pre-Construction Survey Work गराएको देखिएको तथा अन्य सिंचाई योजनाहरुको समेत Institutional Development and Training Works कार्यक्रममा ब्रेकडाउन / विभाजन गरेको तथा गलगलेवोच सिंचाई योजना, फेदिकुडार सिंचाई योजना, गुमखोला तोरीखेत सिंचाई योजना र चोक्टे खोला रुपथाङ्ग खोला सिंचाई योजना गरी चारै वटा योजना कार्यान्वनकोलागि मन्त्रालयबाट स्वीकृत भएको Summary of cost / Total cost को विवरण भएको पाना हेरफेर गरेको भन्ने समेत देखिदा निज प्रतिवादीले सरकारी निकायको कागजात अनाधिकार वा गैरकानूनी तरीकाले हेरफेर गरेको पुष्टि भएकोले भ्रष्टाचार निवार ऐन,२०५९ को दफा ११ मा भएको कानूनी व्यवस्था वमोजिमको कसुर भएको स्पष्ट हुंदाहुदै निज प्रतिवादी प्रकाश अधिकरीलाई अभियोग दावी बमोजिम अन्य कसुर ठहर भएको तर ऐ.ऐनको दफा ११ बमोजिमको कसुर ठहर नगरी भएको प्रस्तुत फैसला सो हद सम्म त्रुटिपूर्ण भई बदरभागी रहको।<br>**ख. प्रतिवादी नरोत्तम श्रेष्ठको हकमाः-**<br>अ) प्रतिवादी नरोत्तम श्रेष्ठ एभरेष्ट डिजाईनर्स लिग प्रा.लि. का संचालक रहेका र निजले जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय दोलखाका कार्यालय प्रमुख सिनियर डिभिजन ईन्जिनियर प्रकाश अधिकारीसँग मिलेमतो गरी निज नरोत्तम श्रेष्ठले पहिले नै Survey र Design भईसकेको गलगलेबोच सिंचाई योजनाको फिल्डमा/योजना स्थलमा समेत नगई प्रतिवादी प्रकाश अधिकारीबाटै उक्त योजनाको डाटाको Softcopy लिई सोही डाटा प्रयोग गरी एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.को नामबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ र सार्वजनिक खरिद नियमावली, २०६४ विपरित Pre-Construction Survey Work गरेको देखाई रिपोर्ट बनाई पेश गरेको पुष्टी भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम उक्त हानी नोक्सानी गरेको बिगो निज प्रतिवादीबाट असुल उपर हुन समेत माग दावी लिईएको, प्रतिवादी मध्येका नरोत्तम श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा विगो रु.२,९७,१९०।–(दुई लाख सन्तानब्बे हजार एक सय नब्बे रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो रकम निज प्रतिवादीबाट असुल उपर गरी जफत हुन,त्यस्तै अमन कन्सल्टेन्ट्स् प्रा.लि. का संचालक प्रतिवादी गोमा श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा विगो रु. रु. २,९६,०६०।- (दुई | महिना कैद र जनही रु.२,९६,०६०।-जरिवाना हुने ठहर गरी निज प्रतिवादीहरुको अन्य आरोप दावी पुग्न सक्दैन र प्रतिवादी गोमा श्रेष्ठको हकमा आरोपित कसुरबाट सफाई पाउने ठहर गरी फैसला भएको ।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एवं आधारहरु :**<br>क) प्रतिवादी प्रकाश अधिकारीले सह प्रतिवादीहरुको मिलेमतोमा वदनियतपूर्वक नक्कली छाप बनाउन लगाई सचिवको दस्तखत गरी Summary Of total cost हेरफेर गरी एभरेष्ट डिजाइनर्स लिग प्रा. ली. लाई रु. २,९७,१९०। र अमन कन्सल्टेन्टस् प्रा. लि. लाई रु. २,९६,०६०।-गरी जम्मा रु ५,९३,२५०। को काम गरेको देखाई भुक्तानी समेत लिई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ९ र १७ बमोजिमको गलत लिखत तयार गरेको र सरकारी कागज सच्याउने कार्य गरेको भन्ने तर्फको आरोपदाबी पुष्टी हुने नदेखिएको।<br>ख) प्रतिवादीहरु नरोत्तम श्रेष्ठ र गोमा श्रेष्ठका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको र त्यस्तै प्रतिवादीहरु प्रदिप श्रेष्ठ र प्रेमलाल श्रेष्ठले दफा ८ को उपदफा (४) बमोजिमको मतियार भई दफा २२ बमोजिमको कसुर गरेको अभियोग दाबी | तथा एभरेष्ट डिजाईनर्स लिग प्रा.लि का संचालक भई उक्त प्रा.लि.का मुख्य व्यक्ति भएको देखिएको।निज प्रतिवादी नरोत्तम श्रेष्ठ संचालक रहेको एभरेष्ट डिजाईनर्स लिग प्रा.लि. समेतको छाप जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, दोलखाका कार्यालय प्रमुखको कार्यालयको कार्यकक्षको टेवुलको घर्राबाट बरामद भएको देखिंदा निजले प्रकाश अधिकारीलाई अनुचित प्रभावमा पारी मिलेमतो गरी नेपाल सरकारको सम्पत्ति बदनियत गरी हिनामिना, हानी नोक्सानी तथा दुरुपयोग गरी आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी पु-याउने मुख्य भूमिका निभाई सोही अनुरुपको कार्य गरी निज सञ्चालक रहेको कम्पनी एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.ले रु. २,९७,१९०।– (दुई लाख सन्तानब्बे हजार एक सय नब्बे रुपैयाँ) भुक्तानी लिएको देखिएको छ।निजको सो गैर कानूनी क्रियाकलाप वेगर अर्का प्रतिवादी प्रकाश अधिकारीबाट भुक्तानी गर्न मिल्ने अवस्था नहुने र निजले संचालन गरेको एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.को छाप समेत प्रतिवादी प्रकाश अधिकारीको कार्यकक्षको घर्रा भित्रबाट बरामद हुनु समेतबाट यी प्रतिवादीको कार्य आफूलाई र प्रतिवादी प्रकाश अधिकारीलाई गैर कानूनी लाभ र नेपाल सरकारलाई हानी पुर्याउने मनसायले निजले संचालन गरेको प्रा.लि.को तर्फवाट मुख्य भूमिका निर्वाह गरेको प्रष्ट देखिएको।<br>आ) यसरी निज एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.का संचालक नरोत्तम श्रेष्ठले कसुरजन्य कार्य गर्दाको अवस्था परिस्थिति र भूमिकाबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले निजलाई अभियोग दावी बमोजिम कसूर ठहर गरी सजाय हुनु पर्नेमा सो नगरी विशेष अदालतबाट निज प्रतिवादीलाई अभियोग दावी भन्दा फरक कसूरजन्य कार्य गरेको ठहर गर्दै कानूनी व्यवस्था र सबुद प्रमाणको गलत व्याख्या गरी निज प्रतिवादीलाई अर्का प्रतिवादी प्रकाश अधिकारीलाई सहयोग मात्र गरेको भनि भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ को कसुर गर्न सहयोग पुर्याएको भनि सोहि ऐनको दफा २२ बमोजिम मतियारको रुपमा परिभाषित कसूर ठहर गरी ९(नौ) महिना कैद र रु. २,९६,०६०/- जरिवाना हुने ठहर गरेकोमा मुख्य अभियुक्त प्रकाश अधिकारीलाई विगो रु.५,९३,२५०।– ठहर भएको अबस्थामा उक्त जरिवाना सजायका सम्वन्धमा निज प्रतिवादी नरोत्तम श्रेष्ठका उपर विगोको हकमा जरिवाना रकम कायम गर्दा बस्तुनिष्ठ आधार,कारण र कानून सम्मत आधारमा नगरी उक्त जरिवाना सजाय रकम कायम गरी भएको प्रस्तुत फैसला विरोधाभाषपूर्ण देखिदा त्रुटिपूर्ण भई बदर भागी रहेको।<br>**ग. प्रतिवादी प्रेमलाल श्रेष्ठको हकमाः-**<br>अ) प्रतिवादी प्रेमलाल श्रेष्ठ एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.का निर्देशक रहेका र उक्त प्रा.लि.का संचालक नरोत्तम श्रेष्ठ रहेको देखिएको।जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय दोलखाका कार्यालय प्रमुख प्रकाश अधिकारी समेत सँग मिलेमतो तथा नरोत्तम श्रेष्ठको निर्देशन तथा सल्लाहमा एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.का तर्फबाट संझौता गरी प्रेमलाल श्रेष्ठ समेतले पहिले नै Survey र Design भईसकेको गलगलेबोच सिंचाई योजनाको फिल्डमा/योजना स्थलमा समेत नगई निज प्रकाश अधिकारीबाटै उक्त योजनाको डाटाहरु लिई आफ्नो कार्यालयमा बसी एभरेष्ट डिजाईनर्स लिग प्रा.लिको नामबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ र सार्वजनिक खरिद नियमावली, २०६४ विपरित उक्त योजनाको Pre-Construction Survey Work गरेको रिपोर्ट बनाई जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय दोलखामा पेश गरी एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.को तर्फबाट रु. २,९७,१९०।–(दुई लाख सन्तानब्बे हजार एक सय नब्बे रुपैयाँ) भुक्तानी लिएको देखिएको।<br>आ) प्रतिवादी प्रेमलाल श्रेष्ठ निर्देशक रहेको एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.का संचालक नरोत्तम श्रेष्ठ समेतसंग मिलेमतो गरी नेपाल सरकारको सम्पत्ति बदनियत गरी हिनामिना, हानी नोक्सानी तथा दुरुपयोग गरी प्राप्त भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लाख छयानब्बे हजार साठी रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो रकम निज प्रतिवादीबाट असुल उपर गरी जफत हुन ,त्यस्तै प्रतिवादी प्रदिप श्रेष्ठको हकमा अमन कन्सल्टेन्टस् को नाममा भुक्तानी लिने/दिलाउने कार्यमा सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कार्यमा मतियार हुने कसुर गरेको देखिएकाले निज अमन कन्सल्टेन्टस् प्रा.लि.का प्रबन्ध निर्देशक प्रदिप श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम विगो रु. २,९६,०६०।- (दुई लाख छयानब्बे हजार साठी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन, र एभरेष्ट डिजाइनर्स लिग प्रा.लि.का निर्देशक प्रतिवादी प्रेमलाल श्रेष्ठलाई भ्रष्टाचार | रहेकोमा उक्त दफा ८(४)को प्रावधान दफा ८(१) को प्रावधानसंग अन्तर्निहित वा अन्तरसम्वन्धित रहेको। दफा ८(१) को प्रावधान राष्ट्रसेवक व्यक्तिको हकमा आकर्षित हुने देखिएको छ भने दफा ८(४) त्यसै सेरोफेरोमा राष्ट्रसेवक नरहेका अन्य व्यक्तिको हकमा लागू हुने देखिएको। प्रस्तुत मुद्दामा राष्ट्रसेवक रहेका व्यक्तिको हकमा दफा ८(१) को दावी नरहेको अवस्थामा सोही कार्यकालागि राष्ट्रसेवक नरहेका व्यक्तिकालागि मात्रै दफा ८(४) आकर्षित हुन सक्ने नदेखिएको।<br><br>ग) प्रतिवादी नरोत्तम श्रेष्ठ र प्रेमलाल श्रेष्ठ समेतको सहयोग विना मुख्य प्रतिवादी प्रकाश अधिकारीले उक्त कसुर गर्न सक्ने अबस्था नदेखिदा यी प्रतिवादीहरुलाई ऐ.ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि भएको।<br><br>घ) प्रतिवादी गोमा श्रेष्ठ अमन कन्सल्टेन्टस् प्रा. लि.का संचालक र प्रतिवादी प्रदिप श्रेष्ठ सो प्रा.ली. का निर्देशक रहेको देखिदा मुख्य प्रतिवादी प्रकाश अधिकारीले सिंचाई आयोजनाको लागी तयार भएको प्रतिवेदनलाई हेरफेर गरी अमन कन्सल्टेन्स प्रा.ली.मार्फत कार्य गराएको देखाई रकम हिनामिना गरेको देखिएकोमा निज प्रतिवादी प्रदिप श्रेष्ठ संलग्न प्रा. ली. को संलग्न विना कसुर हुन सक्ने | रकम एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.का नाममा भुक्तानी लिने/दिलाउने कार्यमा प्रतिवादी नरोत्तम श्रेष्ठलाई सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कार्यमा मतियार हुने कसुर गरेको देखिएकोले निज एभरेष्ट डिजाईनर्स लिग प्रा.लि.का निर्देशक प्रेमलाल श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम बिगो रु. २,९७,१९०।– (दुई लाख सन्तानब्बे हजार एक सय नब्बे रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन माग दावी लिईएको।<br>इ) सुरु विशेष अदालतबाट निज प्रतिवादीलाई अर्का प्रतिवादी प्रकाश अधिकरीको मतियारका रुपमा भ्रष्टाचार निवारण निवारण ऐन,२०५९ को दफा १७ को कसूर गर्न सहयोग पुर्याएको भनि सोही ऐनको दफा २२ बमोजिम ९ महिना कैद र २,९६,०६०/-जरिवाना हुने ठहर गरेकोमा निज प्रेमलाल श्रेष्ठललाई अभियोग दावी बमोजिमको मतियारको रुपमा कसूरदार कायम नगरी अर्का प्रतिवादी प्रकाश अधिकरीको मतियारको रुपमा परिभाषित गरी भ्रष्टचार निवारण ऐन,२०५९ को दफा १७ को कसूर गर्न सहयोग पुर्याएको भनि सोही ऐनको दफा २२ बमोजिम ९ महिना कैद र २,९६,०६०/-जरिवाना हुने ठहर गरेको देखिंदा निज प्रतिवादी उपर विगोको हकमा जरिवाना रकम कायम गर्दा बस्तुनिष्ठ आधार र कानून सम्मत नभई हचुवाको भरमा जरिवाना सजाय रकम कायम गरी भएको प्रस्तुत फैसला विरोधाभाषपूर्ण देखिदा त्रुटिपूर्ण भई बदरयोग्य रहेको।<br>**घ.प्रतिवादी गोमा श्रेष्ठको हकमाः-**<br>अ) प्रतिवादी गोमा श्रेष्ठ अमन कन्सल्टेन्टस् प्रा.लि.का संचालक रहेको मिसिल कागजातहरुवाट देखिन्छ। अमन कन्सल्टेनट्स् प्रा.लि.को नामबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ र सार्वजनिक खरीद नियमावली, २०६४ विपरित Pre-Construction Survey Work गरेको रिपोर्ट बनाई जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, दोलखामा पेश गरेको देखिदा जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय दोलखाका कार्यालय प्रमुख प्रकाश अधिकारीसँग मिलेमतो गरी निज गोमा श्रेष्ठ समेतले पहिले नै Survey र Design भईसकेको फेदिकुडार सिंचाई योजनाको फिल्डमा/योजना स्थलमा समेत नगई निज प्रकाश अधिकारी समेतबाटै उक्त योजनाको डाटाको Softcopy लिई सोही डाटा प्रयोग गरेको तथ्यमा विवाद नदेखिएको। उक्त तथ्य निज गोमा श्रेष्ठ संचालक रहेको अमन कन्सल्टेनट्स् प्रा.लि.को तर्फबाट पेश भएको सबुद प्रमाणबाट पुष्टी भएको छ। यसैगरी अमन कन्सल्टेन्टस् प्रा.लि.का संचालक तथा उक्त प्रा.लि.को मुख्य व्यक्ति रहेको भन्ने स्पष्ट खुलेको। निज प्रतिवादी गोमा श्रेष्ठले संचालन गरेको अमन कन्सल्टेन्टस् प्रा.लि. को छाप जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, दोलखाका कार्यालय प्रमुख प्रकाश अधिकारीको कार्यकक्षको टेवुलको घर्राबाट बरामद भएको कुरा निज प्रतिवादीले स्वीकार गरेबाट अभियोग दावी खम्विर रुपमा पुष्टी भएको। उक्त वरामदित छापहरु म र मेरो श्रीमान संचालक रहेका कम्पनीहरुका हुन् भनि प्रतिवादी गोमा श्रेष्ठले कसूर र कसूरका तथ्य स्वीकर गरी वयान गरेको देखिंदा निजले प्रकाश अधिकारी संग मिलेमतो गरी नेपाल सरकारको सम्पत्ति हिनामिना, हानी नोक्सानी तथा दुरुपयोग गरी आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी पु-याउने कार्य गरी निज सञ्चालक रहेको कम्पनी अमन कन्सल्टेन्टस् प्रा.लि. ले रु. २,९६,०६०।- (दुई लाख छयानब्बे हजार साठी रुपैयाँ) भुक्तानी लिएको देखिएको हुंदा निज अमन कन्सल्टेन्टस् प्रा.लि.का संचालक गोमा श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको स्पष्ट भईरहेको अवस्थामा निज प्रतिवादी गोमा श्रेष्ठलाई कसूरवाट पूर्ण सफाइ दिने गरी भएको फैसला त्रुटीपूर्ण भै बदरभागी रहेको।<br>आ) फौज्दारी मुद्दामा कसुरसंग सम्वन्धित बरामदी मुचुल्कालाई महत्वपूर्ण प्रमाणको रुपमा ग्रहण गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कार्यमा मतियार हुने कसुर गरेको देखिएकाले निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम बिगो रु. २,९७,१९०।–(दुई लाख सन्तानब्बे हजार एक सय नब्बे रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन समेतको मागदाबी रहेको। | अवस्था नदेखिदा यी प्रतिवादीले पनि दफा २२ बमोजिम मतियारको कसुर गरेको देखिएको तथा प्रतिवादी गोमा श्रेष्ठ अमन कन्सल्टेन्सको संचालक रहेको र प्रतिवादी नरोत्तम श्रेष्ठकी श्रीमती हुन् भन्ने देखिएको। निजले मौकामा गरेको बयानबाट निजको नाउँममा प्रा.लि.दर्ता रहेको देखिएतापनि उनी गृहिणी रहेको र प्रा.लि.को सम्पुर्ण काम श्रीमान् नरोत्तम श्रेष्ठ र निर्देशक प्रदिप श्रेष्ठले नै गरेको देखिदा दावीको कसुर गर्ने मनसाय र कार्य गरेको मिसिल संलग्न प्रमाणबाट पुष्टी नभएकोले आरोपित कसुरबाट सफाई पाउने देखिएको।<br>**प्रतिवादी प्रदिप श्रेष्ठको हकमा आरोप मागदाबी बमोजिम मतियारको कसूर ठहर भई सजाय भएको देखिँदा निजको हकमा पुनरावेदन जिकिर नलिइएको।** | गरिएको। अपराधका सम्बन्धमा खडा भएका मुचुल्काहरुमा प्रमाणिक शक्ति हुन्छ। तिनमा ब्यक्त तथ्यले अपराधको वस्तुस्थिति बताउँछन्। व्यक्तिले झुटो बोल्न सक्दछ तर वस्तुस्थितियुक्त तथ्यले कहिल्यै झुटो बोल्दैन त्यसैले प्रतिवादी गोमा श्रेष्ठले संचालन गरेको अमन कन्सल्टेन्टस् प्रा. लि. का छापहरु प्रतिवादी प्रकाश अधिकारीको कार्यकक्षबाटै बरामद हुनुले यी प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने अवस्था नरहेको। प्रतिवादी गोमा श्रेष्ठ अमन कन्सल्टेन्टस् प्रा.लि. को संचालक जस्तो जिम्मेवार व्यक्ति रहेको देखिएको। निज प्रतिवादी पढेलेखेको व्यक्ति रहेको निजको वयान कथनबाट देखिएको हुदाँ कानून सम्मत कार्य र गैर कानूनी कार्य छुट्याउने विवेक भएकै व्यक्ति मान्नु पर्ने हुँदा निज प्रतिवादी गोमा श्रेष्ठ र निजका श्रीमान् नरोत्तम श्रेष्ठ बीच मत सल्लाह बमोजिम कम्पनीबाट उल्लिखित काम भएको। निज प्रतिवादीले कसुरजन्य कार्यमा अनभिज्ञता प्रकट गरी निजको श्रीमानलाई सम्पूर्ण कसूरको भार बोकाई गरेको वयान विश्वासलायक नभएको तथा कम्पनीका नामबाट गरिएका हरेक क्रियाकलापबाट प्राप्त हुने प्रतिफल यी प्रतिवादीहरुले नै लिने गरेको। यसकारण अमन कन्सल्टेन्टस् प्रा.लि.को मुख्य तथा जिम्मेवार व्यक्ति निज गोमा श्रेष्ठ नै भएको देखिंदा निजको जिम्मेवारी,उत्तरदायित्व प्रति नजरअन्दाज गरी कसूर अपराधबाट उन्मुक्ति पाउने मनसायले निजको श्रीमान नरोत्तम श्रेष्ठलाई सम्पूर्ण कसुरको भार बोकाएको अवस्थामा निज प्रतिवादी गोमा श्रेष्ठको कसूरमा इन्कारी वयान कथनलाई मात्र आधार मानी निज एउटी गृहिणीको रुपमा मात्र रही कसूरजन्य कार्यमा संलग्नता नरहेको भनि वास्तिविक तथ्य प्रमाणहरुको मूल्याङ्कन नगरी विशेष अदालतले निज प्रतिवादी गोमा श्रेष्ठलाई मिसिल संलग्न सबूद प्रमाणको गलत ब्याख्या गरी कसूर अपराधबाट उन्मुक्ति दिने गरी भएको फैसला गम्भिर त्रुटीपूर्ण भई बदरयोग्य रहेको।<br>ङ) प्रस्तुत मुद्दाका प्रतिवादीरु प्रकाश अधिकारी, नरोत्तम श्रेष्ठ, गोमा श्रेष्ठ र प्रेमलाल श्रेष्ठले भ्रष्टाचारजन्य कसूर अपराध गर्दाको अवस्था ,परिस्थिति,जिम्मेवारी ,उत्तरदायित्व र भूमिका फरक फरक रहेकोले निज प्रतिवादीहरुको कसुरजन्य कार्यको फरक-फरक भूमिका अनुसार कसूर गरेको देखिएको र सोही अनुसार प्रतिवादीहरुलाई सजाय हुन मागदाबी लिईएकोमा शुरु विशेष अदालतबाट मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायोचित मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपदावी बमोजिमको कसूर ठहर तथा सजाय नगरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>अतः उल्लिखित आधार, कारणबाट विशेष अदालत काठमाडौबाट भएको माथि उल्लिखित फैसला सो हदसम्म त्रुटिपूर्ण देखिंदा बदर गरी निज प्रतिवादीहरुलाई आरोपदावी वमोजिम कसुर ठहर गरी सजाय समेत गरी पाउन मागदाबी रहेको। |